नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.....................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकसः ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः ०८१/८२
चलनी नं.:- ६६४

मितिः २०८१।०७।२९

**विषयः थप कागजात तथा विवरणहरू पेश गर्ने सम्बन्धमा ।**

श्री शान्ता जेठी बहुरानी हाईड्रोपावर प्रा. लि.
बुढानिलकण्ठ, काठमाण्डौं ।

उपरोक्त सम्वन्धमा तहाँ कम्पनीले तल्लो पेल्मा खोला र उत्तरगंगा जलविद्युत आयोजनाको सर्वेक्षण अनुमति पाउन मिति २०८१/०६/०६ मा दिनुभएको निवेदन उपर कारवाही हुँदा निम्न विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (चौथो संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्न हुन मिति २०८१/०७/२७ को विभागीय निर्णयानुसार अनुरोध छ ।

१. आयोजनाको लागि प्रस्तावित क्षेत्र M/s Pelma Hydropower Project Pvt. Ltd. द्वारा प्रबर्द्धित तथा सर्वेक्षण अनुमति प्राप्त ६० मेगावाट क्षमताको Upper Sani Bheri PRoR HEP सँग पूर्वपट्टि आंशिक रूपमा दोहोरो रहेको हुनाले दोहोरो नपर्ने तपशिल-मा उल्लिखित क्षेत्रमा आयोजनाको सर्वेक्षण क्षेत्र प्रस्ताव गरि निम्न विवरणहरू,
   क) विद्युत नियमावली २०५० को नियम ४ संग सम्बन्धित अनुसूची-२ को ढाँचामा दरखास्त
   ख) परिमार्जित डेस्क स्टडी प्रतिवेदन(प्रत्येक पानामा दुवै परामर्शदाता र प्रबर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)
   ग) आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको परिमार्जित सक्कल स्थलरूप (टोपो) नक्शा

   <u>तपशिलः</u>
   Latitude: 28° 37' 40" to 28° 39' 30" and Longitude: 82° 42' 30" to 82° 45' 15"

२. प्रवर्द्धक कम्पनीको कम्पनी दर्ता, प्यान दर्ता, प्रबन्धपत्र, नियमावली र कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि,
३. प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको नोटराइज प्रतिलिपि,
४. प्रवर्द्धक कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि)।
५. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.,
६. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ (चौथो संशोधन समेत) को दफा ८ को उपदफा (क) बमोजिमको आर्थिक क्षमता पर्याप्त हुने गरि विभागबाट तोकिएको ढांचाको UDIN No समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू,
७. कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण
८. नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको विवरणहरू { & Associates (ICAN firm Reg no: ),
९. नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
१०. परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा २०७९/८० को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि,
११. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।

(शंकर बहादुर साउद)

**<u>बोधार्थ :</u>**